# आर्थिक वर्ष २०७२/७३ श्रावण महिनाको मासिक वैदेशिक व्यापार तथ्याङ्क

भन्सार विभागवाट तयार गरिने आयात, निर्यात, वैदेशिक व्यापार सन्तुलन तथा राजश्व संकलन सम्वन्धी तथ्याङ्कहरु निम्नानुसार प्रस्तुत गरिएका छन् । यस अन्तर्गत चालु आ.व. र गत आ.व.को यसै समिक्षा अवधिमा आयात तथा निर्यात भएका वस्तुहरुको परिणाम, मूल्य तथा सो वाट प्राप्त भएको राजश्वको तुलनात्मक विवरण समावेश छन् ।

## १) आयात

आर्थिक वर्ष २०७२/७३ को श्रावण महिनामा गत आ.व. को श्रावण महिनाको तुलनामा कुल वस्तु आयात ४.४ प्रतिशतले घटेर रु. ६२ अर्ब ७५ करोडमा सिमित भएको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल आयात रु. ६५ अर्ब ६४ करोड रहेको थियो । अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा आएको ह्रास, खाने तेल, कच्चा पाल्म तेल, ईलेक्ट्रीक उपकरण र सिमेन्ट तथा किलंकर लगायतका वस्तुहरुको आयात घटेको कारण समीक्षा अवधिमा कुल आयातको वृद्धिदर कम रहन गएको हो ।

चालू आर्थिक वर्षको श्रावण महिनामा कुल वस्तु आयात अघिल्लो महिनाको तुलनामा १५.० प्रतिशतले घटेको छ । अघिल्लो आर्थिक वर्षको असार महिनाको यस्तो आयात रु. ७३ अर्ब ८० करोड रहेको थियो ।

कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो आ.व. को श्रावण महिनामा ४० अर्व रहेकोमा आर्थिक वर्ष २०७२/७३ को श्रावण महिनामा रु. ४१ अर्व २१ करोड कायम भई ३.० प्रतिशतले वढेको छ । मुख्यतयाः फलाम तथा स्पात, सवारी साधन तथा तीनका पाटपूर्जा, ईलेक्ट्रीकल उपकरण, मलखाद लगायतका वस्तुहरुको आयात बढेको कारण भारतबाट भएको आयात बढेको हो ।

साथै, चीनबाट भएको आयात अघिल्लो आ.व. को श्रावण महिनामा ७ अर्व १७ करोड रहेकोमा आर्थिक वर्ष २०७२/७३ को श्रावण महिनामा रु. ८ अर्व ३४ करोड पुगी १६.४३ प्रतिशतले वृद्धि भएको छ । मुख्यतयाः फलाम तथा स्पातका सामग्री, तयारी कपडा, उनी धागो तथा ईलेक्ट्रीकल उपकरण लगायतका वस्तुहरुको आयात बढेको कारण चीनबाटको आयातमा वृद्धि भएको हो ।

त्यसैगरी, अन्य मुलुकबाट भएको आयात अघिल्लो आ.व. को श्रावण महिनामा १८ अर्व ४७ करोड रहेकोमा आर्थिक वर्ष २०७२/७३ को श्रावण महिनामा रु. १३ अर्व २० करोड मा सिमित भई २८.५ प्रतिशतको उच्च दरले गिरावट भएको छ । विशेषगरी खाने तेलका कच्चा पदार्थ, हवाईजहाज तथा तीनका पाटपूर्जा, ईलोक्ट्रोनिक्स सामग्री र औषधि लगायतका वस्तुहरुको आयात घटेको कारण अन्य मुलुकबाट भएको आयात घटेको हो ।

## २) निर्यात

आर्थिक वर्ष २०७२/७३ को श्रावण महिनामा गत आ.व. को श्रावण महिनाको तुलनामा कुल वस्तु निर्यात ३.७३ प्रतिशतले घट्न गई रु. ६ अर्व ४७ करोडमा सीमित भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात रु. ६ अर्व ७२ करोड रहेको थियो । मुख्यतयाः फलाम तथा स्पात तथा तीवाट निर्मित सामग्री, विविध रसायनिक वस्तुहरु, हस्त निर्मित पोशाकहरु, सूर्ती तथा जर्दा र छाला लगायतका वस्तुहरुको निर्यात घटेको कारण समीक्षा अवधिमा कुल निर्यात कम रहन गएको हो ।

चालू आर्थिक वर्षको श्रावण महिनामा कुल वस्तु निर्यात अघिल्लो महिनाको तुलनामा १२.०३ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको असार महिनाको निर्यात रु. ७ अर्व ३६ करोड रहेको थियो ।

कुल वस्तु निर्यातमध्ये भारत तर्फको निर्यात अघिल्लो आ.व.को श्रावण महिनामा ४ अर्व ५ करोड रहेकोमा समिक्षा अबधिमा ६.१८ प्रतिशतले घट्न गई ३ अर्व ८० करोडमा सीमित भएको छ । मुख्यतयाः फलाम तथा स्पात तथा तीवाट निर्मित सामग्रीहरु, विविध रसायनिक वस्तुहरु, हस्त निर्मित पोशाकहरु, तयारी खानेकुराहरु लगायतका वस्तुहरुको निर्यात घटेको कारण समीक्षा अवधिमा भारत तर्फको निर्यात घटेको हो ।

चीनतर्फको निर्यात अघिल्लो वर्षको सोही अवधिमा ११ करोड ५८ लाख रहेकोमा समीक्षा अवधिमा २४.५६ प्रतिशतले घटेर ८ करोड ७३ लाखमा सीमित रहेको छ । छाला, तामा र सोवाट निर्मित सामग्रीहरु, जडिबुटी, तयारी खानेकुराहरु लगायतका वस्तुहरुको निर्यात घटेको कारण समीक्षा अवधिमा चीन तर्फको निर्यात घटेको हो ।

त्यस्तै, अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्षको सोही अवधिमा सोही अवधिमा २ अर्व ५५ करोड रहेकोमा समीक्षा अवधिमा २९.६४ प्रतिशतले ह्रास आई १ अर्व ८० करोड सीमित रहेको छ । छाला, तयारी पोशाक, चिया कफी आदि वस्तुहरुको निर्यात घटेको कारण अन्य मुलुकतर्फको निर्यात घटेको हो ।

### ३) व्यापार सन्तुलन

समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटा ४.५ प्रतिशतले ह्रास भई रु. ५६ अर्ब २८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो व्यापार घाटा ५८ अर्ब ९२ करोड  रहेको थियो ।

कुल वस्तु व्यापार घाटामध्ये समीक्षा अवधिमा भारत र चीनको को व्यापार घाटा क्रमशः ४.१ प्रतिशत र ५.८ बढी ३७ अर्व ४१ करोड र ७ अर्व ४७ करोड पुगेको छ  भने अन्य मुलुकको व्यापार घाटामा २८.३ प्रतिशतले ह्रास आई ११ अर्व ४० करोड कायम भएको छ ।

अघिल्लो वर्षको सोही अवधिमा भारत, चीन र अन्य मुलुकसँगको व्यापार घाटा क्रमशः ३५ अर्व ९५ करोड, ७ अर्व ५ करोड र १५ अर्व ९१ करोड रहेको थियो ।

### ४) राजश्व संकलन

आर्थिक वर्ष २०७२/७३ को श्रावण महिनामा कुल राजश्व लक्ष्य रु. १३ अर्व २९ करोड ८७ लाख रहेकोमा ४.१ प्रतिशतले अधिक संकलन भई रु. १३ अर्व ८४ करोड ३६ लाख पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा रु. १३ अर्व २० करोड ३१ लाख कुल राजश्व असुली भएको थियो ।

त्यसै गरी समीक्षा अवधिमा भन्सार राजश्वको लक्ष्य रु. ५ अर्व ३९ करोड ३२ लाख रहेकोमा १०.५ प्रतिशतले अधिक संकलन भई रु. ५ अर्व ९६ करोड १९ लाख पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा रु. ५ अर्व ३६ करोड ५६ लाख भन्सार राजश्व असुली भएको थियो ।

यसै अवधिमा मू.अ.कर को लक्ष्य रु. ६ अर्व १४ करोड ८२ लाख रहेकोमा ०.५ प्रतिशतले न्यून संकलन भई रु. ६ अर्व ११ करोड ६६ लाख पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा रु. ६ अर्व ३१ करोड ४१ लाख मू.अ.कर असुली भएको थियो ।

समीक्षा अवधिमा अन्तः शुल्कको लक्ष्य रु. १ अर्व ७५ करोड ७२ लाख रहेकोमा ०.४ प्रतिशतले अधिक संकलन भई रु. १ अर्व ७६ करोड ५१ लाख पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा रु. १ अर्व ५२ करोड ३३ लाख अन्तः शुल्क असुली भएको थियो ।

५) उपरोक्त विवरण नेपालका प्रमुख एघार वटा भन्सार नाकाहरुवाट कारोवार भएका वस्तुहरुको आधारमा तयार गरिएको प्रारम्भिक अनुमान हो । आर्थिक वर्षको अन्तमा अन्य नाकाहरुवाट विवरण समावेश गरी वस्तु व्यापार तथ्याङ्कको अन्तिम आँकडाहरु तयार गरिनेछ । वैदेशिक सेवा व्यापार र अन्तरदेशीय विद्युत व्यापारका आँकडाहरु भन्सार नाका मार्फत कारोवार नहुने हुँदा यसमा समावेश गरिएको छैन ।

६) भन्सार विभागले तयार गर्ने वैदेशिक व्यापार सम्वन्धी आँकडाहरु संयुक्त राष्ट्र संघले सिफारीस गरेको Internatonal merchandise trade statistics: concepts and definations, revision II तथा विश्व भन्सार संगठनले विकास गरेको Harmonized classification system of traded products मा आधारित छन् ।

२०७२ साल भाद्र २१ गते सोमवार

भन्सार विभाग, तथ्याङ्क विश्लेषण शाखा

त्रिपुरेश्वर, काठमाण्डौ ।

www.customs.gov.np